**COVID-19 सम्बन्धी महत्त्वपूर्ण जानकारी**

**Department of Social and Health Services** ले COVID-19 को रोकथाम र व्यवस्थापनमा मद्दत गरिरहेको छ। हामी आफ्ना ग्राहकहरूको स्वास्थ्य र सुरक्षाको अत्यन्तै ख्याल राख्छौं। हामीले गभर्नर Inslee को *घरमै बस्नुहोस्, स्वस्थ रहनुहोस्* भन्ने आदेश र स्वास्थ्यलाभ योजनाको पालना गरिरहेका छौं।

हामीसँग भाषा सम्बन्धी नि:शुल्क सेवाहरू छन्। यी सेवाहरूमा दोभाषे तथा अनुवादनहरू र अन्य ढाँचाहरूका लिखित जानकारी समावेश हुन्छन्। यदि तपाईंलाई हाम्रा सेवाहरूमा पहुँच गर्न मद्दत आवश्यक पर्छ भने, कृपया DSHS लाई **800-737-0617** मा फोन गर्नुहोस् र विकल्प 4 रोज्नुहोस्। तपाईं Washington Relay Service (वाशिङ्गटन प्रसारण सेवा) का लागि **711** मा फोन गर्न पनि सक्नुहुन्छ।

COVID-19 ले DSHS का कार्यक्रम र सेवाहरूमा कसरी प्रभाव पारेको छ?

**Aging and Long-Term Support (जीवनकालीन तथा दीर्घकालीन सहायता)**
दीर्घकालीन स्याहारका सुविधास्थलहरूमा बसोबास गर्ने मानिसहरूका लागि COVID-19 अत्यन्तै हानिकारक हुनसक्छ। मे 12 देखि, नर्सिङ होम, सहायता प्राप्त बसोबास सुविधास्थल तथा वयस्कका पारिवारिक घरहरूमा आगन्तुकहरूलाई आउन अनुमति छैन। यी नियमहरू महामारीको अवधिमा परिवर्तन हुन सक्छन्।

तपाईं FamHelp वेब पृष्मा गएर स्याहार सुविधास्थलहरूका लागि आगन्तुकहरूका नियमहरू हेर्न सक्नुहुन्छ। यो वेव पृष्ठले COVID-19 का सूचित मामिलाहरू रहेका स्याहार सुविधास्थलहरूको सूची पनि तयार पार्छ। यदि तपाईंसँग दीर्घकालीन स्याहारका सुविधास्थलहरूको बारेमा जिज्ञासाहरू छन् भने, कृपया 888-856-5691 मा फोन गर्नुहोस्। हाम्रो कार्यालय समय बिहान 6 बजेदेखि राती 10 बजेसम्म हो।

Office of the Deaf and Hard of Hearing (बहिरा तथा सुस्त श्रवण कार्यालय) ले बहिरो रहेका, श्रवण शक्ति र दृष्टि कम भएका वा कान कम सुन्ने सेवाग्राहीहरूलाई सेवा उपलब्ध गराउँछ। तिनीहरूले सेवा प्रदायकहरूसँग पनि कार्य गर्दछन्। यदि तपाईंसँग श्रवण शक्ति गुमेको कारणले सञ्चार गर्नमा सहायता आवश्यक पर्ने सेवाग्राही हुनुहुन्छ भने, कृपया कार्यालयमा सम्पर्क गर्नुहोस्।

- इमेल: ODHHCOVID-19@dshs.wa.gov
- फोन: 360-338-6042
- TTY/TDD का लागि: 360-725-3455
- यदि भ्वाइस कलरहरूसँग TTY/TDD मा पहुँच छैन भने, कृपया 711 डायल गर्नुहोस्
- ODHH को वेबसाइट

**Behavioral Health Administration**
Behavioral Health Administration ले वयस्क तथा बालबालिकाहरूलाई तीन राज्यका मनोरोग अस्पतालहरू, Special Commitment Center (विशेष प्रतिबद्धता केन्द्र) र Office of Forensic Mental Health Services (न्यायिक मानसिक स्वास्थ्य सेवा कार्यालय) मा सेवा उपलब्ध गराउँछ।

हामीले COVID-19 को फैलिने क्रमलाई रोकथाम गर्नका लागि यी स्थानहरूमा भेटहरूलाई रोकेका छौं। हामीसँग सेवाग्राहीहरूका लागि उपयुक्त हुँदा भिडियो दूरवर्ती सेवाहरू उपलब्ध छन्। आगन्तुक सम्बन्धी नीतिको बारेमा सोध्न वा अन्य जिज्ञासाहरूका लागि, कृपया निम्नमा फोन गर्नुहोस्:

- Western State Hospital (वेस्टर्न स्टेट हस्पिटल) – **253-582-8900**
- Eastern State Hospital (इस्टर्न स्टेट हस्पिटल) – **509-565-4000**
- Child Study and Treatment Center (बाल अध्ययन तथा उपचार केन्द्र) – **800-283-8639**
- Office of Forensic Mental Health Services (न्यायिक मानसिक स्वास्थ्य सेवा कार्यालय)
    - Maple Lane – **360-664-4641**
    - Yakima – **253-582-8900**
    - Fort Steilacoom – **253-984-5651**
- Special Commitment Center (विशेष प्रतिबद्धता केन्द्र) – **253-588-5281,** एक्सटेन्सन **0095**

**<u>Division of Vocational Rehabilitation</u>**

हामीले अहिलेका लागि Division of Vocational Rehabilitation लाई बन्द गरेका छौं।

- परामर्शदाताहरूले सेवाहरू तथा सहायता फोनद्वारा उपलब्ध गराउनेछन्।
- सेवा अद्यावधिकहरूका लागि फोन नम्बर: **800-637-5627**

**<u>Developmental Disabilities Administration</u>**

कार्यालय सभाकक्षहरू अहिलेका लागि बन्द छन्। Fircrest School, Lakeland Village, Rainier School र Yakima Valley School ले यस समयमा आगन्तुकहरूलाई आउन अनुमति दिइरहेका छैनन्। यदि तपाईंसँग जिज्ञासाहरू छन् भने कृपया तलका नम्बरहरूमा फोन गर्नुहोस्।

- हामी DDA मामिला व्यवस्थापकको पूर्व स्वीकृतिमा टाढैबाट सेवाहरू प्रदान गर्न सक्छौं।
- मूल्याङ्कनहरू टाढैबाट गर्न सकिन्छ र मूल्याङ्कनहरू पूरा गर्ने समयसीमालाई मामिला अनुसार विस्तार गर्न सकिन्छ।
- आइल्याण्ड, किङ्ग, सान जुआन, स्कागिट, स्नोहोमिस र ह्वाटकम काउण्टीहरूमा सेवाहरू प्राप्त गर्नका लागि, 800-314-3296 मा फोन गर्नुहोस्।
- क्लालम, क्लर्क, काउलिट्ज, ग्रेज हार्बर, जेफर्सन, किटस्याप, लेविस, म्यासन, प्यासिफिक, पाइरेस, स्कामेनिया, थर्स्टन वा वाहकियाकम काउणटीहरूमा सेवाहरू प्राप्त गर्नका लागि, 800-248-0949 मा फोन गर्नुहोस्
- राज्यका अन्य काउण्टीहरूमा सेवाहरू प्राप्त गर्नका लागि, 800-462-0624 मा फोन गर्नुहोस्

**<u>Economic Services Administration</u>**

<u>CHILD SUPPORT (बाल सहायता):</u> Division of Child Support का सभाकक्षहरू अहिलेका लागि बन्द छन्। मामिला सम्बन्धी जानकारी प्राप्त गर्न वा भुक्तानी गर्नका लागि, **800-442-KIDS (5437) मा फोन गर्नुहोस्।** रोजगारी समाप्ति वा समापनहरूको रिपोर्ट गर्न आवश्यक पर्ने रोजगारदाताहरूले **800-562-0479** मा फोन गर्न सक्छन्।

<u>सामुदायिक सेवा कार्यालयहरू:</u> सीमित सेवाहरू अपोइन्टमेन्टद्वारा मात्र **उपलब्ध छन्। तपाईं निम्न कार्यहरू गर्न सक्नुहुन्छ**:

- यदि तपाईंसँग साधारण डेलिभरी मेल सेवाहरू छन् वा तपाईं अनपेक्षित खाना प्राप्तकर्ता हो भने EBT कार्ड लिन।
- आकस्मिक सहायता सेवाहरू प्राप्त गर्न।
- कागजी कार्य कम गर्न

<u>CUSTOMER SERVICE CONTACT CENTER (ग्राहक सेवा सम्पर्क केन्द्र):</u> **877-501-2233** मा फोन गरेर सेवाहरू पहुँच गर्नुहोस्। तपाईं निम्न कार्यहरू गर्न सक्नुहुन्छ:

- लाभहरूका लागि आवेदन दिन।
- मामिला सम्बन्धी जानकारी वा रिपोर्टका परिवर्तनहरू प्राप्त गर्न।
- योग्यता वा मध्य-प्रमाणीकरण समीक्षा पूरा गर्न।
- नयाँ EBT कार्ड अनुरोध गर्न।
- WorkFirst मामिला वा सामाजिक कार्यकर्तासम्म पुग्न।

<u>WASHINGTON CONNECTION (वाशिङ्टन कनेक्सन):</u> मानिसहरूले अनलाइन सेवाहरू अङ्ग्रेजी तथा स्पेनिश भाषामा पहुँच गर्न सक्छन्। लाभहरूका लागि आवेदन दिन, समीक्षाहरू पूरा गर्न, परिवर्तनहरू रिपोर्ट गर्न र अन्य स्थानीय सेवाहरू फेला पार्न WashingtonConnection.org मा जानुहोस् ।

<u>AGED, BLIND OR DISABLED/HOUSING AND ESSENTIAL NEEDS REFERRAL PROGRAMS (उमेर पुगेका, दृष्टिविहीन वा असक्षमता भएका मानिसका लागि/आवास तथा महत्त्वपूर्ण आवश्यकताहरूका निर्दिष्ट कार्यक्रमहरू):</u> हामीले अहिलेका लागि ABD असक्षमता समीक्षाहरूलाई स्थगित गरेका छौं। हामीले HEN निर्दिष्ट नियमहरूलाई पनि परिवर्तन गरेका छौं र केही आवश्यक निगरानीलाई रोकेका छौं। HEN र ABD मामिलाहरूको बारेमा थप जानकारीका लागि कृपया **877-501-2233** मा फोन गर्नुहोस्।

<u>BASIC FOOD (आधारभूत खाद्यान्न):</u> DSHS ले 2020 मार्चदेखि मेसम्मका लागि प्रति घरपरिवारको आकार अनुरूप अनुमति दिइएको सबैभन्दा ठूलो मात्रामा खाद्यान्न लाभहरू थपेको छ। DSHS ले COVID-19 को हरेक महिना संघीय सरकारलाई आकस्मिक खाद्यान्न पूर्तिको लागि अनुरोध गर्नेछ।

- *आधारभूत खाद्यान्न रोजगार तथा प्रशिक्षण:* BFET का सबै कार्यक्रम तथा सेवाहरू उपलब्ध छन्। BFET का साझेदारहरूले फोन तथा अनलाइन मार्फत सेवाहरू उपलब्ध गराउँछन्।
- *आश्रितहरू नभएका हृष्ट-पुष्ट शरीर भएका वयस्कहरू:* ABAWD हरूका लागि कार्य आवश्यकताहरू अहिले आवश्यक छैन। DSHD ले इच्छुक तथा सहभागी हुन सक्षम रहेका मानिसहरूलाई अझै पनि निर्दिष्ट गरिरहेको छ।

<u>BENEFITS REVIEWS (लाभका समीक्षाहरू):</u> DSHS ले 2020 अप्रिल, मे वा जुनमा बाँकी रहेका योग्यता समीक्षाहरूलाई छ महिनाका लागि लम्ब्याएको छ। 2020 अप्रिल, मे वा जुनमा बाँकी रहेका मध्य-प्रमाणीकरण समीक्षाहरूलाई पूरा गर्न आवश्यक छैन। तपाईंको घरपरिवारले योग्यताका अन्य सबै आवश्यकताहरू पूरा गर्दासम्म लाभहरू जारी रहनेछन्।

<u>DISASTER CASH ASSISTANCE PROGRAM (प्रकोप नगद सहायता कार्यक्रम):</u> बालबच्चा नभएका परिवार तथा मानिसहरूका लागि DCAP उपलब्ध छ। तपाईं नागरिक हुन आवश्यक छैन। मानिसहरूले आम्दानी तथा स्रोतका सीमाहरू पूरा गर्छन् भने

तिनीहरू योग्य हुन्छन् र तिनीहरू अन्य नगद कार्यक्रमहरूका लागि योग्य हुँदैनन्। थप जान्नका लागि **877-501-2233** मा फोन गर्नुहोस्।

OFFICE OF REFUGEE AND IMMIGRANT ASSISTANCE (शरणार्थी तथा आप्रवासी सहायता कार्यालय): ORIA सँग शरणार्थी तथा आप्रवासीहरूलाई मद्दत गर्नका लागि निम्न कार्यक्रमहरू छन्:

- रोजगार खोजी तथा प्रशिक्षण।
- अध्यागमन सहायता।
- युवालाई परामर्श दिने।
- उमेर पुगेका, बालबालिका, विद्यार्थी तथा अन्य शरणार्थीहरूका लागि सहायता।
- COVID-19 को अवधिमा नियमित कार्यक्रमहरू टाढैबाट चल्छन्। कार्यालयमा तपाईंलाई रोजगारहरू वा बेरोजगारीका लागि आवेदन दिन मद्दत गर्न, तपाईंको शिक्षामा सहायता गर्न र आवास सम्बन्धी मद्दत उपलब्ध गराउनका लागि नयाँ सेवाहरू रहेका छन्। शरणार्थी नगद सहायता तथा शरणार्थी चिकित्सा सहायता योग्यतालाई सेप्टेम्बर 30, 2020 सम्म लम्ब्याइएको छ।
- सेवाहरू तथा थप जानकारीका लागि, **360-890-0691** मा फोन गर्नुहोस्।

TEMPORARY ASSISTANCE FOR NEEDY FAMILIES/WORKFIRST (निर्धन परिवारहरूका लागि अस्थायी सहायता/WORKFIRST) TANF 60-महिनाको समय सीमा विस्तारहरूमा COVID-19 का कारण अहिले कठिनाइ छ।

- WorkFirst का आवश्यकताहरूलाई अहिलेका लागि रोकिएको छ। सेवाग्राहीहरू सहभागी हुन सक्षम हुनुहुन्छ भने उहाँहरू सहभागी हुन जारी राख्न सक्नुहुन्छ।
- हामीले अहिलेका लागि WorkFirst प्रतिबन्धहरूलाई रोकेका छौं। हामीले कर्मचारीद्वारा गरिने गृह भेटलाई पनि रोकेका छौं।
- यदि तपाईं सामुदायिक रोजगार वा WorkFirst कार्य-अध्ययनको सहभागी हो भने, तपाईं COVID-19 को कारण सहभागी हुन नसकेतापनि तपाईं रोजगारमा कायम रहनुहुनेछ र भुक्तानी प्राप्त गर्नुहुनेछ।